# स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ८, संख्याः १६ बैशाख ३ गते, २०८२ साल


## भाग-२

## सरुमारानी गाउँपालिका

# खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि–२०८१

स्वीकृत मितिः २०८१/१२/३१

प्रमाणिकरण मिति २०८२/०१/०३

प्रस्तावना :

सरुमारानी गाउँपालिकाबाट सञ्चालन हुने खानेपानी सम्बन्धी योजना तथा आयोजनाहरु सञ्चालन, मुहान सम्बन्धी विवादहरुको व्यवस्थापन तथा खानेपानी सम्बन्धी विविध कार्यक्रमहरु व्यवस्थित तवरले संचालन गर्न उचित भएकोले सरुमारानी गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता ऐन, २०८० को दफा४६ बमोजिम यो कार्यविधि ल्याईएको छ ।

### परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भ :

**१.संक्षिप्त नाम र प्रारम्भ :** १) यो कार्यविधिको नामः सरुमारानी गाउँपालिका खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८१ रहेकोछ ।

२) यो कार्यविधि राजपत्रमा प्रकाशित मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले सरुमारानी गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ ।

(ख) "खानेपानी" भन्नाले घरेलु तथा औद्योगिक उपभोगका लागि आपूर्ति गरिने खानेपानीलाई सम्झनु पर्दछ ।

(ग) "मुहान" भन्नाले नदि, नाला, खोला, धारो, आदिको पानी उम्रने वा निस्कने ठाउँ, मुललाई सम्झनु पर्दछ ।

(घ) "श्रोत" भु-सतह वा भूमिगत रुपमा रहेको खानेपानीको स्रोतलाई सम्झनु पर्दछ।

(ङ) "संरचना" भन्नाले स्रोतबाट खानेपानी जम्मा गर्न नियन्त्रण गर्न, शुद्धिकरण गर्न वा वितरण गर्न बनाइएको जलाशय र सो जलाशयले चर्चेको क्षेत्र सम्झनुपर्दछ र सो शब्दले त्यस्तै उद्देश्यले बनाईएका पानी ट्याङ्की, पाईप लाईन, निकाश, धारा वा त्यस्तै प्रकारका अन्य संरचनालाई समेत जनाउदछ ।

(च) "सर्वेक्षण" भन्नाले संरचना निर्माण गर्दा पर्ने वातावरणीय असर, स्रोतबाट उद्योग तथा वितरण गर्न सकिने खानेपानीबाट लाभान्वित हुनेको संख्या लगायत आर्थिक तथा प्राविधिक तथ्यहरु समेतको विश्लेषण गरी विस्तृत रुपबाट तय खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८१ गरिएको अन्वेषण, संभाव्यता अध्यायन र तत् सम्बन्धी विस्तृत ईन्जिनियरिङ्ग डिजाइन समेतको कार्य सम्झनु पर्छ ।

(छ) "परियोजना" भन्नाले अनुमति प्राप्त व्यक्तिले संचालन गर्ने खानेपानी परियोजना सम्झनु पर्छ र सो शब्दले कार्यविधिमा व्यवस्था भए बमोजिम यस गाउँपालिका, विभिन्न संघ संस्था समिति वा नेपाल सरकार-गैह्र सरकारी संघ संस्थाले उपभोक्ता समितिलाई हस्तान्तरण गरेको परियोजना वा उपभोक्ता समिति/संस्थाले आफै विकास गरी सञ्चालन गरेको परियोजना समेतलाई जनाउँदछ ।

(ज) "समिति/संस्था" भन्नाले यस कार्यविधि बमोजिम दर्ता हुने मुहान दर्ता उपभोक्ता समिति/संस्थालाई सम्झनु पर्छ ।

(झ) "पानी आपूर्तिकर्ता" भन्नाले यस कार्यविधि बमोजिम उपभोक्ता समिति, संस्था वा अनुमतीपत्र प्राप्त व्यक्तिलाई सम्झनु पर्छ ।

(ञ) "सेवा" भन्नाले पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी सेवा सम्झनु पर्छ ।

(ट) "उपभोक्ता" भन्नाले पानी आपूर्तिकर्ताले उपलब्ध गराएको सेवा उपभोग गर्ने व्यक्ति वा निकायलाई सम्झनु पर्छ ।

(ठ) "सेवा शुल्क" भन्नाले सेवा उपभोग गरे बापत उपभोक्ताले पानी आपूर्तिकर्तालाई बुझाउनु पर्ने सेवा शुल्क सम्झनु पर्छ र सो शब्दले विलम्ब शुल्क समेतलाई जनाउँदछ ।

(ड) "निरिक्षक" भन्नाले कार्यविधिमा व्यवस्था भए बमोजिम तोकिएको खानेपानी निरीक्षकलाई सम्झनु पर्छ ।

(ढ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

त) "जलश्रोत समिति भन्नाले" यस कार्यविधिको दफा १५ बमोजिम गठिन हुने गाउँपालिका स्तरीय जलश्रोत समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## समिति/संस्था गठन र मुहान/मुल दर्ताः

**(३) मुहान दर्ताको उपभोक्ता समिति/संस्थाको गठन**

(१) सामूहिक लाभका लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले पदाधिकारी (भाईटल पोष्टमा १ जना महिला रहने) तथा सदस्य समेत गरी कम्तीमा सात जना (३३ प्रतिशत महिला अनिवार्य) भएको उपभोक्ता समिति/संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समिति/संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्येबाट कम्तीमा सात जना उपभोक्ताहरुले अनुसूची १ बमोजिमको ढाँचामा उपभोक्ता समिति/संस्थाको २ प्रति विधान ( अनुसूची-६ नमूना) र कार्यसमितिका सदस्यको नागरिकता सहित गाउपालिकाको गाँउ जलश्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ।

**(४) उपभोक्ता समिति/संस्थाको विधानः** उपभोक्ता समिति/संस्थाको एउटा विधान हुनेछ । विधानमा देहायका कुराहरु खुलाईएको हुनुपर्नेछ ।विधानको नमूना अनुसूची-६ मा रहेको छ।

(क) पुरा नाम र ठेगाना,
(ख) उद्देश्य तथा कार्यक्षेत्र,
(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क
(घ) सदस्यको निष्काशन र राजीनामा,
(ङ) हक दावी, नामासारी वा हकवालाको मनोनयन,
(च) साधारण सभा सम्बन्धी,
(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम, कर्तव्य र अधिकार,)
(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,
(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,
(ञ) कोष र लेखापरीक्षण,
(ट) विधान संशोधन र विघटन
(ड) विविध ।

**(५) उपभोक्ता समिति-संस्था तथा मुहान दर्ता गर्न दरखास्त दिनुपर्नेः** उपभोक्ता समिति/संस्थाले संस्था तथा मुहानको दर्ता गर्न चाहने व्यक्तिले एक हजार रुपैयाँ **दस्तुर** सहित **अनुसुची-१** बमोजिम गाउँपालिका समक्ष दरखास्त दिनु पर्नेछ ।

**(६) मुहान दर्ता उपभोक्ता समिति/संस्थाको दर्ता :**

१) दफा ५ बमोजिम मुहान दर्ता उपभोक्ता/संस्थाले गाउँपालिकामा निवेदन सहितको आवश्यक कागजात पेश गरेमा मुहान दर्ताको हकदावीको लागि ३५ दिने सूचना प्रकाशित गर्नेछ । सूचनाको नमूना अनुसूची-.५ मा रहेकोछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार ३५ दिन भित्र हकदावी नपरेमा मुहान दर्ता प्रकृया अघि बढाउन सकिनेछ।सम्पूर्ण प्रकृया पुरा भइसके पछि मुहानदर्ता उपभोक्ता समिति/संस्थाको विकास गर्न प्रस्तावित गरेको परियोजना आर्थिक तथा प्राविधिक दृष्टिकोण समेतबाट गर्न उपयुक्त भए नभएको जाँचबुझ गरी सो सम्बन्धमा सम्बन्धित निकायसँग परामर्श समेत गर्दा परियोजना विकास गर्न उपयुक्त देखिएमा जलश्रोत समितिले मुहान दर्ता गरी दरखास्तवालालाई **अनुसुची-२** बमोजिमको उपभोक्ता समिति/संस्थालाई दर्ता प्रमाणपत्र दिनुपर्नेछ।

(३) उपदफा १ बमोजिम जाँचबुझ तथा परामर्श गर्दा उपभोक्ता समिति/संस्था दर्ता गर्न नमिल्ने भएमा समितिले त्यसको कारण सहितको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ ।

**(७) दोहोरो उपभोक्ता समिति/संस्था दर्ता नगरिने :**

क) कुनै स्रोतको उपभोग गर्न कुनै उपभोक्ता समिति/संस्था यो कार्यविधि लागु हुनु पुर्व कुनै प्रकारको सरकारी निकायमा दर्ता भई सकेपछि त्यस्तो उपभोक्ता समिति/संस्थाले उपभोग गर्ने पानीको परिमाणमा कटौति हुने गरी सोही समिति/संस्थाको कार्यक्षेत्र भित्र अर्को उपभोक्ता समिति/संस्था दर्ता गरिने छैन ।

ख) यो कार्यविधि लागू भएको दुई महिना भित्र साविक सरकारी निकायमा दर्ता भएका उपभोक्ता समिति/संस्था दर्ताको कागजात/प्रमाण गाउँपालिकामा पेश गर्न सार्वजनिक सुचना प्रकाशन गरिनेछ ।

**(८) स्रोतको पानीमा उपभोक्ता समिति/संस्थाको अधिकार कायम रहने :**

(१) दफा ६ बमोजिम उपभोक्ता समिति/संस्था दर्ता भएपछि उपभोक्ता समिति/संस्थाले उपभोग गर्ने तोकिएको हद सम्मको परिमाण बराबर पानीको स्रोतमा उपभोक्ता समिति/संस्थाको अधिकार कायम रहनेछ ।

(२) यो कार्यविधि प्रारम्भ हुनु अघि नेपाल सरकार,प्रदेश सरकार तथा गैह्रसरकारी संघ संस्थाले विकास गरेको खानेपानी परियोजना संचालन गर्न उपभोक्ता समिति/संस्थालाई हस्तान्तरण

गरेको भए त्यस्ता उपभोक्ता समिति/संस्थाले उपयोग गर्ने हद सम्मको परिमाण बराबरको पानीको स्रोतमा त्यस्ता उपभोक्ता समिति/संस्थाको अधिकार कायम रहनेछ ।

**(९) नेपाल सरकार/प्रदेश सरकार/संघ संस्था/गाउँपालिकाले विकास गरको परियोजना संचालन गर्ने उपभोक्ता समिति/संस्थाको गठन र मुहान दर्ता :**

(१) गाँउपालिकाले कार्यविधिको दफा-११ बमोजिम कुनै परियोजना उपभोक्ता समिति/संस्था मार्फत संचालन गराउन चाहेमा त्यस्तो परियोजना संचालन गर्न चाहने व्यक्तिहरुले दफा-३ बमोजिम उपभोक्ता समिति/संस्था गठन गरी दफा-५ बमोजिम दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (२) बमोजिम उपभोक्ता समिति/संस्था दर्ता गर्ने सम्बन्धमा अध्यक्ष समक्ष दरखास्त दिदा नेपाल सरकार/प्रदेश सरकार/संघ संस्था/गाउँपालिकाले त्यस्तो उपभोक्ता समिति/संस्थालाई परियोजना संचालन गर्ने विषयमा दिएको पत्र समेत संग्लग्न गर्नु पर्नेछ ।

## परिच्छेद-३
## स्रोत सर्वक्षण अनुमतिपत्र सम्बन्धी व्यवस्थाः

**(१०) सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेः** (१) कुनै स्रोतको सर्वेक्षण गर्न चाहने व्यक्ति वा गैह्र सरकारी संघ संस्थाले अनुमतिपत्रको लागी एक हजार रुपैयाँ दस्तुर सहित **अनुसुची-३** बमोजिमको ढाँचामा देहायका विवरण सहित  दरखास्त दिनु पर्नेछ ।

(क) परियोजना विस्तृत विवरण (परियोजना स्थलको नक्शा, उपयोग गरिने पानीको श्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरुको नाम र तिनीहरुको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठन संस्था तथा त्यस्तो संस्थाका सञ्चालकहरुको नाम, थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्छ । )

(ख) सम्भाव्यताको विश्लेषण (परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण),

(ग) वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय व्यवस्था, परियोजनाको लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुको प्रतिबद्धता र लगानीकर्ताहरुको दायित्व तथा शेयर पूँजी र ऋणको प्रतिशत)

(घ) घर जग्गाको उपयोग वा प्राप्ती परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लागत) ।

(ङ) वातावरणीय प्रभाव विश्लेषण गर्नु पर्ने परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु तथा जलश्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु, परियोजनाको सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा श्रोत र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय उपभोक्तालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु, सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरुलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लागत र तिनीहरुको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ) ।

(२) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएमा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप कागजातको माग गर्नुपर्ने देखिएमा दरखास्त परेको मितिले १५ दिन भित्र दरखास्तवालालाई सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अध्यक्षले दिएको सूचना बमोजिम दरखास्तवालाले थप कागजात पेश गरेको मितिलाई नै दरखास्त पेश गरेको मिति मानिनेछ ।

**(११) सर्वेक्षण अनुमति दिनुपर्नेः**

दफा १० बमोजिम प्राप्त हुन आएको दरखास्त र सो साथ संलग्न कागजात जाँचबुझ गर्दा दरखास्तवालालाई सर्वेक्षण अनुमति पत्र दिन उपयुक्त देखिएमा गाउँपालिकाले **अनुसूची-४** बमोजिमको ढाँचामा स्रोत सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ ।

**(१२) मुहान दर्ता अनुमतिपत्रको नविकरण :**

(१) यस कार्यविधि बमोजिम मुहान दर्ता अनुमतिपत्रको अध्यावधिक प्रत्येक वर्षको कार्तिक मसान्त भित्र गर्नु पर्नेछ। अनुमतिपत्र नविकरणको लागि पाँच सय रुपैया दस्तुर सहित गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र नविकरण नगरेमा त्यसको मनासिव कारण खुलाई अनुमतिपत्र बहाल रहने अवधि समाप्त भएको मितिले पैतिस दिनभित्र अनुमतिपत्र प्राप्त व्यक्ति/उपभोक्ता समिति/संघ संस्थाले समिति समक्ष निवेदन दिन सक्नेछ । र यसरी दिएको निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा समितिले अनुमतिपत्र नविकरण गर्न सक्नेछ

**(१३) अनुमतिपत्रमा संशोधन गर्नु परेमा :**

(१) अनुमतिपत्र प्राप्त व्यक्ति/उपभोक्ता समिति/संघ संस्थाले आफुले पाएको अनुमतिपत्रमा उल्लेखित कुनै कुरा संशोधन गर्न चाहेमा गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा व्यहोरा मनासिव देखेमा अनुमतिपत्रमा संशोधन गरी दिनेछ ।

**(१४) स्रोत उपयोग गरे बापत बुझाउनुपर्ने शुल्क :**

(१)अनुमतिपत्र प्राप्त व्यक्ति/उपभोक्ता समिति/संघ संस्थाले स्रोतको उपयोग गरे बापत प्रत्येक वर्ष गाउँपालिकालाई एक हजार रुपैयाँ शुल्क बुझाउनु पर्नेछ ।

## परिच्छेद-३

## मुहान दर्ता समिति गठन र विवाद निरुपण सम्बन्धी व्यवस्थाः

**१५. गाउँपालिका स्तरीय जलश्रोत समितिको गठनः** (१) गाउँपालिका भित्र रहेको खानेपानीको मुहान दर्ता, उपयोग तथा नियमन तथा स्रोत सर्भेक्षण अनुमति पत्र प्रदान गर्ने प्रयोजनको लागि गाँउपालिका स्तरीय जलश्रोत समिति रहनेछः

(२) गाँउपालिका स्तरीय जलश्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहनेछन्ः

(क) गाँउपालिका अध्यक्ष - अध्यक्ष
ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) जलश्रोत तथा मुहान दर्ता गर्ने सम्बन्धित वडाको अध्यक्ष - सदस्य
(घ) खानेपानी तथा सरसफाई विषयक्षेत्रको विषयगत समितिको संयोजक - सदस्य
(ङ) गाउँपालिकाको प्राविधिक शाखा प्रमुख - सदस्य
(च) गाउँपालिकाको कृषि शाखा प्रमुख - सदस्य
(छ) वन सव डिभिजनको प्रमुख/ईन्जिनियर - सदस्य
ज) अध्यक्षले तोकेको गाँउ कार्यपालिकाको महिला सदस्य - सदस्य
ज) खानेपानी तथा सरसफाई हेर्ने शाखाको प्रमुख सदस्य- सचिव

**१६. जलश्रोत समितिको बैठक र कार्यविधिः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ निजको अनुपस्थितिमा सदस्यहरु मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(३) बैठक सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(१७) मुहान दर्ताको विवाद निरुपण सिफारिस समितिः**

(१) उपभोक्ता समिति/संस्थाले विकास तथा संचालन गर्ने परियोजनाको स्रोत उपयोग सम्बन्धमा कुनै विवाद उत्पन्न भए त्यस्तो विवाद समाधानको लागि देहाय बमोजिमका संयोजक तथा सदस्यहरु भएको एक स्रोत उपयोग विवाद निरुपण सिफारिस समिति हुनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) गाउँपालिका पुर्वाधार विकास समिति संयोजक - सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(घ) प्राविधिक शाखाको प्रमुख/ईन्जिनियर - सदस्य

(ङ) खानेपानी शाखाको प्रमुख/योजना शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको जानकारी लिई सकेपछि स्रोत उपयोग विवाद निरुपण समितिले स्रोतको उपयोग सम्बन्धमा परेको उजुरी छानविन गरी आवश्यक निर्णय गरी प्रतिबेदन सहित गाउँकार्यपालिकामा सिफारिस गर्नेछ ।

३) उपदफा-२ बमोजिम पेश गरेको प्रतिबेदनको आधारमा मुहान दर्ताको विवादको अन्तिम निरुपण गाउँकार्यपालिकाले गर्नेछ ।

४) बैठक सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४
## संरचनाको सुरक्षा र मर्मत संभारः

**(१७) गुणस्तर कायम राख्नुपर्ने :**

गाउँपालिकाले कार्यविधि बमोजिम खानेपानीको लागि निर्धारण गरेको गुणस्तर पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराउने खानेपानीमा गुणस्तर कायम राख्नुपर्नेछ ।

**(१८) स्रोतलाई प्रदुषित बनाउन नहुने :**

पानी आपूर्तिकर्ता/उपभोक्ता समितिले मुहान प्रदुषण हुने गरी संरचनाको निर्माण गर्न वा अन्य कुनै प्रकारको कार्यहरु गर्न हुदैन ।

**(१९) वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुने :**

पानी आपूर्तिकर्ताले वातावरणमा उल्लेखनीय प्रतिकुल असर गर्ने गरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्यहरु गर्नु हुदैन ।

**(२०) सेवा उपलब्ध गराउने आधारहरु :**

(१) पानी आपूर्तिकर्ताले सेवा उपलब्ध गराउँदा देहायका विषयलाई आधार बनाउनेछ ।

(क) भौगोलिक स्थिति

(ख) जनसंख्या

(ग) स्रोतमा उपलब्ध हुन सक्ने पानीको परिमाण

(घ) संरचनाको क्षमता

(ङ) अन्य प्राविधिक कुराहरु

**(२१) सेवा उपयोग गर्न प्राथमिकता दिने :**

१) पानी आपूर्तिकर्ताले देहाय बमोजिम निर्धारित आधारहरुको अधिनमा रही देहायका उपभोक्तालाई सेवा उपयोग गर्न प्राथमिकता दिनेछ ।

(क) स्वास्थ्य चौकी, अनाथालय, वृद्धाश्रम,

(ख) बाढी, आगलागी, महामारी रोग व्याधी फैलिई वा त्यस्तै अन्य कुनै प्राकृतिक वा दैवी प्रकोपको कारणले अस्थायी रुपमा खडा गरिएको शिविर,

(ग) विद्यालय, छात्रावास वा सरकारी कार्यालय तथा त्यस्तो कार्यालयको कर्मचारीको आवास गृह,

(घ) सर्वसाधारण नागरिकको आवास गृह,

(ङ) अत्यन्त जरुरी सार्वजनिक महत्वको निर्माण कार्य,

(च) उद्योग तथा कलकारखाना भए त्यस्तो उद्योग र कारखानामा काम गर्ने कामदारहरु।

(२) उपदफा (१) मा देखिएका बाहेक सेवा उपलब्ध गराउने प्राथमिकताको क्रम निर्धारण गर्दा पानी आपूर्तिकर्ताले सम्बन्धित गाउँपालिकासँग आवश्यक परामर्श गर्नु पर्नेछ ।

**(२२) शर्तहरु तोक्ने :** (१) पानी आपूर्तिकर्ताले उपभोक्तालाई सेवा उपलब्ध गराउँदा कार्यविधि बमोजिम नेपाल सरकार/प्रदेश सरकार/गैर सरकारी संस्थाहरुले हस्तान्तरण गरेको परियोजना भए परियोजना हस्तान्तरण गर्दा नेपाल सरकार तथा गाउँपालिकाले तोकेको शर्तहरु विपरित नहुने गरी आवश्यक शर्तहरु तोक्न सक्नेछ

## परिच्छेद-५
## विविधः

**(२३) निरिक्षक सम्बन्धी ब्यबस्थाः**

(१) परियोजनाको निरिक्षण गर्न गाउँपालिकाले खानेपानी शाखा/ईकाई हेर्ने प्राविधिकलाई निरिक्षक तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको निरिक्षकले मुहानको समय समयमा निरिक्षण गरी विविध विषयहरुमा व्यक्ति/उपभोक्ता समितिलाई आवश्यक आदेश तथा निर्देशन दिई सो को जानकारी गाउँपालिकालाई दिनु पर्नेछ ।

**२४) विधान संशोधनः** उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नु परेमा उपभोक्ता समिति/संस्थाको साधारण सभाको दुईतिहाई सदस्यबाट पारित गरी उपभोक्ता समतिको विधानको

प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा गाँउ जलश्रोत समितिमा पेश गर्नु पर्नेछ र समितिले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

(२५) **अनुसुचीमा हेरफेरः** गाउँपालिकाले स्थानिय राजपत्रमा सुचना प्रकाशन गरी यस कार्यविधिको अनुसुचीमा आवश्यकता अनुसार गर्न सक्नेछ ।

**२६) प्रतिबेदनः** उपभोक्ता समिति/संस्थाले बार्षिक रुपमा साधारण सभा/अधिबेशन सकिएको १५ दिन भित्र लेखा परिक्षण प्रतिबेदन सहितको प्रतिबेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ । गाउँपालिकाले आवश्यक ठानी मागेको प्रगती प्रतिबेदन मागेको समय भित्रै उपलब्ध गराउनु उपभोक्ता समिति/संस्थाको कर्तब्य हुनेछ ।

**२७) क्षमता विकासः-** गाउँपालिकाले आवश्यकता अनुसार उपभोक्ता समिति/संस्थाको क्षमता विकास कार्यक्रम संचालन गर्नेछ ।

**२८) खारेजी र बचाउः** १) यो कार्यविधि लागू हुनुपुर्व सरकारी निकायमा दर्ता अनुमति प्राप्त उपभोक्ता संस्थाबाट नियमानुसार भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

२) उपभोक्ता समिति/संस्था/अनुमतिको विषयमा कुनैकारणले विवाद उत्पन्न भई उपभोक्ता समिति खारेज गर्नु परेमा खारेज गर्ने अन्तिम अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ ।

३) उपदफा-२ बमोजिम खारेज भएका उपभोक्ता समिति/संस्थाहरुको चल अचल सम्पत्ति गाउँपालिकाको हुनेछ ।

.....................................

.........................................

## अनुसुची - १

### (दफा ३(२) र ५ सँग सम्बन्धित

### मुहानदर्ता/मुलदर्ता उपभोक्ता समिति/संस्था दर्ताको लागि दिईने दरखास्त

श्रीमान् अध्यक्ष ज्यू
गाउँ जलश्रोत समिति
सरुमारानी गाउँपालिका, प्यूठान ।

**बिषयः मुहान/मुलदर्ता सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँपालिका वडा नं. ................को ..........................खानेपानी तथा सरसफाई योजना संचालनको लागि ..................... मुहान दर्ता उपभोक्ता समिति/संस्थाले देहायका कुराहरु खुलाई यो दरखास्त पेश गरेको छु ।

(१) उपभोक्ता समिति/संस्था/मुहानको नाम र ठेगाना :
(२) उपभोक्ता समिति/संस्था/महान दर्ताको उद्देश्य :
(३) स्रोत/महान रहेको प्रदेश.............. जिल्ला.............. गाउँपालिका.. वडा नं...... टोल
(४) परियोजना शुरु गर्न लाग्ने समय :

- **वधान २ प्रति भर्ने र हरेक पानाको तल माथि उपभाक्ता समितिका सवै पदाधिकारीले सही गर्ने ।**
- **श्रोत (मुल ) दर्ताको (अनुसुचि छ) फाराम १ प्रति भर्ने ।**
- **गाउँपालिका .....**वडा **कार्यालयले सिफारीस गर्ने फाराम २ प्रति भर्ने ।**
  **(यसमा उपभोक्ता समितिका पदाधिकारीहरुको नाम,थर लेख्नुपर्ने )**
- **उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी -**११ प्रति राख्ने
- **उपभोक्ताहरुको आमभेला वसी पदाधिकारीहरुको चयन गरेको निर्णय प्रतिलिपी -३ प्रती**
- **आयोजनाको नक्सा -१ प्रति प्रन्ट नक्सा नभएमा हातले कोरेर वनाएको भए पनि हुने ।)**
- **खानेपानी कार्यालयवाहेक अन्य संग संस्थाको सहयोगमा निर्माण हुने भएको आयोजना भएमा दुइपक्षीय सम्झौता पत्र र लागत इष्टिमेट (ल.ई .) सारांश को प्रतिलिपी ज्ञरूज्ञ प्रति**

***मथि लेखिएको कुरा ठिक साँचो*** हो ***। झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला ।***

***<u>दरखास्त दिनेको</u>***

***सहिः-***
***दर्जा :-***
***सहिः-***
***दर्जा :-***

## अनुसुची - २

## {दफा ५ को उपदफा (२) सँग सम्बन्धित) मुहान दर्ता उपभोक्ता समिति/संस्थाको दर्ता

## <u>प्रमाण-पत्र</u>

श्री.....................................................

..................................

तपाईले मिति............................................ मा यस कार्यालयमा दिएको दरखास्त बमोजिम यस गाउँपालिकाको जलश्रोत समितिको मिति ............................................... को निर्णय बमोजिम मुहान दर्ता उपभोक्ता समिति/संस्था दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

उपभोक्ता समिति/संस्थाको नाम र ठेगाना :

उपभोक्ता समिति/संस्थाको उद्देश्य :

उपभोक्ता समिति/संस्थाले संचालन गर्ने परियोजनाको नामः

परियोजना स्रोतः

स्रोत रहेकोः प्रदेश ........................... जिल्ला............................ गाउँपालिका ......................................वडा नं. ........टोल......................

प्रमाणपत्र दिने अधिकारीको

सही :

नाम :

पद :

मिति :

गाउँपालिकाको छाप :

<u>दर्ता/नविकरण</u>

सि.नं

मितिः

नविकरण

नवीकरण अवधि

बहाल रहने मिति

दस्तखत

कैफियत

## अनुसुची - ३

**(दफा १० को उपदफा (१) सँग सम्बन्धित) स्रोत सर्वेक्षण गर्ने अनुमतिको लागि दिईने दरखास्त**

श्री अध्यक्ष ज्यू,

.................................

गाउँ जलश्रोत समिति, बङ्गाडा प्यूठान ।

खानेपानीको स्रोत सर्वेक्षण गर्न अनुमतिपत्रको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

(१) व्यक्ति वा संगठन समिति/संस्थाको नाम र ठेगाना :

(२) उद्देश्य :

(३) सर्वेक्षण गर्न चाहेको स्रोतको नाम :

(४) स्रोत रहेको : प्रदेश ..........................जिल्ला......................... गाउँपालिका...................... वडा नं.

(५) सर्वेक्षण गर्दा लाग्ने अवधि :

(६) अन्य विवरण :

(क) स्रोत सर्वेक्षण सम्बन्धमा आर्थिक,प्राविधिक र वातावरणीय मुल्याङ्कन सम्बन्धि प्रतिवेदन ।

(ख) स्रोत सर्वेक्षण गरिने संस्थाको नक्सा ।

(ग) संगठित समिति/संस्था भएको सो समिति/संस्थाको विधानको एक प्रति ।

(घ) आवश्यक अन्य कागजात ।

माथि लेखिएको व्यहोरा ठिक साँचो छ । झुटो ठहरे कानुन बमोजिम सहुँला बुझाउँला । संगठित समिति/संस्था भए त्यस्तो समिति/संस्थाको छाप :

दरखास्त दिनेको :

सहि :

नाम :

ठेगाना :

मिति :

समिति/संस्थाको छाप :

## अनुसूची ४

(दफा ११ बमोजिम)

**जलश्रोतको उपयोगको सर्वेक्षण अनुमति पत्र**

अनुमतिपत्र संख्याः

मितिः

श्री .........................

...................

तपाईलाई मिति ................................को निर्णय अनुसार जलश्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको वविरण खोली यस गाउँ खानेपानी मुहान दर्ता कार्यवधि, २०८१ बमोजकिो अनुमतिपत्र प्रदान गरएिको छ ।

१. व्यक्ति वा संगठित संस्थाको पूरा नाम ठेगानाः
२. जलश्रोत सर्वेक्षणको उद्देश्यः
३. जलश्रोत सर्वेक्षणको क्षेत्रः
५. अनुमतिपत्र वहाल रहने अवधिः

अनुमतिपत्र दिने अधिकारीको
नामः
सहीः
पदः
मितिः

## अनुसूची ५

(दफा ६(१) बमोजिम)

**सार्वजनिक सूचनाको ढाँचा**

खानेपानी मुहान दर्ता सम्बन्धी सूचना ।

....................................... स्थित ....................................... खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ताको लागि ............................. खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष श्री .................................... ज्यूले यस कार्यालयमा निवेदन पेश गर्नु भएको हुँदा उल्लिखित खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्ने सम्बन्धमा सम्बन्धित स्थानीय बासिन्दालाई कुनै हानी नोक्सानी वा वाधा व्यवधान हुने भएमा वा कसैको हकदावी रहेमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उजुरी दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघि आएको उजुरी उपर कुनै सुनुवाई हुनेछैन।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ६

(दफा ६(१) बमोजिम)

**खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नमूना विधान**

........................................................................................................................

.............. जिल्ला ............................. गाउँपालिका वडा नं .............

गाउँ...................

**विधान** २०... .................

........................................... **खानेपानी तथा सरसफाइ आयोजना**

# ……………………………………………खानेपानी तथा सरसफाइ आयोजना

**प्रस्तावना**

घरेलु तथा अन्य उपयोगको लागि जन सहभागितामा …………………………………………… खानेपानी तथा सरसफाइ आयोजनाहरू तर्जुमा, विकास निर्माण तथा संचालन र मर्मत संभार गरी ……………………… स्थानमा नियमितरूपले स्वच्छ खानेपानि तथा सरसफाई सेवाको समुचित व्यवस्था गरेर जनताको स्वास्थ्यमा सुधार र सुविधामा वृद्दि गरी ग्रामीण विकासमा सहयोग पुऱ्याउने उद्दश्यले यस खानेपानी उपभाक्ता तथा सरसफाइ समितिको स्थापना गरिएको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

१) यस विधानको नाम '…………………………………………………… खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको विधान , २०………' /अंगेजीमा ………………… ………………water user and sanitation committee ………… रहनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

क) 'विधान' भन्नाले…………………………………………………………खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको विधान ……………… सम्भनु पर्दछ ।

ख) 'उपभोक्ता समिति' भन्नाले जलस्रोत ऐन, २०४९ र खानेपानी निमावली २०५५ तथा खानेपानी मुहान दर्ता कार्यविधि २०८२ अनुसार यस विधान वमोजिम गठन भएको ……………………… खानेपानी उपभोक्ता तथा सरसफाइ समिति सम्भनु पर्दछ यसलाइ छोटकरीमा उपभोक्ता संस्था वा उपभोक्ता समिति पनि भनिनेछ ।

ग) 'कार्य समिति' भन्नाले विधानको दफा १७ वमोजिम गठित कार्य समिति सम्भनु पर्छ । यी शव्दले कार्य समितिको निर्वाचत नभएसम्मक लागी खानेपानी उपभोक्ता तथा सरसफाइ तदर्थ समितिसमेत जनाउनेछन् ।

घ) 'अध्यक्ष' भन्नाले यस विधान वमोजिम गठित कार्य समितिको अध्यक्ष सम्भनु पर्दछ ।

ङ) 'उपाध्यक्ष'भन्नाले यस विधान वमोजिम गठित कार्य समितिको उपाध्यक्ष सम्भनु पर्दछ ।

च) 'कोषाध्यक्ष'भन्नाले यस विधान वमोजिम गठित कार्य समितिको कोषाध्यक्ष सम्भनु पर्दछ ।

छ) 'सचिव'भन्नाले यस विधान वमोजिम गठित कार्य समितिको सचिव सम्भनु पर्दछ ।

ज) 'सदस्य' भन्नाले यस विधान वमाजिम गठित कार्य समितिको सदस्य सम्झनु पर्दछ। सो शव्दले यस विधान वमोजिम सदस्यता प्राप्त गर्ने अरू व्यक्ति समेतलाई जनाउनेछ।

झ) 'उपभोक्ता' भन्नाले यस विधान बमोजिम गठित उपभोक्ता समितिले उपलब्ध गराएको खानेपानी तथा सरसफाइ सेवा उपभोक्ता गर्ने व्यक्ति वा निमाय सम्झनु पर्छ।

ञ) 'सेवा' भन्नाले यस विधान बमोजिम गठित उपभोक्ता समितिले उपभोक्ताहरुलाई उपलब्ध गराएको खानेपानी तथा सरसफाइ सेवा सम्झनु पर्छ।

ट) 'खानेपानी'भन्नाले घरेलु तथा अनय उपयोगको निमित्त प्रशोधन गरी वा नगरी एकमुष्ट वा पृथक पृथक उपभोक्ता समितिले विवरण गरेको खानेपानी सम्झनु पर्छ।

ठ) 'जलस्रोत' भन्नाले भु-सतहमा वा भुमिगतरूपमा रहेको वा अन्य जुनसुकै अवस्थामा रहेको प्राकृतिक पानी सम्झनु पर्छ।

ड) 'आयोजना' भन्नाले उपभोक्ता समितिले कार्यान्यिन वा सञ्चालन गर्ने खानेपानी तथा सरसफाइ सम्वन्धि आयोजनालाई सम्झनु पर्छ।

ढ) 'महसुल' भन्नाले उपभोक्तालाइ सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा उपभोग गर्ने उपभोक्ताले उपभोक्ता समितिलाई भुक्तानी गर्नु पर्ने शुल्क सम्झनु पर्छ।

ण) 'संरचना' भन्नाले खानेपानीको स्रोतबाट खानेपानी जम्मा गर्ने, नियन्त्रण गर्ने प्रशोधन गर्ने वा वितरण गर्ने उद्देश्यले बनाइएका पानी ट्यांकी ,जलासय ,पाइपलाइन, ढल निकास,प्रसोधन केन्द्र , धारा वा यस्तै प्रकारका अन्य संरचना र यस्ता संरचनाले चर्चेको क्षेत्र समेत सम्झनु पर्छ।

त) 'सर्वेक्षण' भन्नाले आयोजना कार्यान्यिन गर्न वातावरणीय असर स्रोतबाट ल्याउन सकिने खानेपानीका परिमाण,लाभान्वि हुने परिवार तथा सदस्य संस्था समेतको विश्लेषण गरी खानेपानी तथा सरसफाइको व्यवस्थापनका लागि गरिने आर्थिक, सामाजिक, प्राविधिक लगायत सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियारङ्ग डिजाइनको कार्य र त्यस्ताको लागी गरिने अन्वषणको कार्य समेत सम्झनु पर्छ।

थ) 'सम्झौता' भन्नाले उपभोक्ताको समितिले आयोजनाको कार्यान्वयन तथा संञ्चालन गर्न जिल्ला सरकारी समिति तथा अन्य कुनै निकायहरूसँ गरेको सम्झौता सम्झनु पर्छ। द) 'साधारण सभा' भन्नाले उपभोक्ता समितिको साधारण सभा सम्झनु पर्छ। सो शव्दले उपभोक्ता समितिको विशेष साधारण सभालाइ समेत जनाउन

ध) ''आर्थिक वर्ष '' भन्नाले नपाल सरकारको आर्थिक वर्ष ( श्रावण १ गते देखि असार मसान्त सम्मको समय ) सम्झन पर्छ।

न) 'आयोजना'' भन्नाले ...................................... अर्न्तगत कार्यान्वयन हुने अनुसुची उल्लेख भएको खानेपानी तथा सरसफाइ आयोजना सम्झनु पर्दछ।

प) 'तोकिएको वा तोकिए वमोजिम'' भन्नाले जलश्रोत एन , २०४९ खानेपानी नियमावली २०५५ र जलस्रो नियमावली २०५० तथा खानेपानी मुहान दर्ता कार्यविधि २०८२ तथा यस विधान अन्तर्गत वनेको नियम विनियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ।

फ) 'कर्मचारी'' भन्नाले उपभोक्ता समितिले संचालन गरेको आयोजनाको दैनिक कार्य संचालन गर्न नियुक्त गरेका कर्मचारी सम्झनु पर्छ।

## परिच्छेद २
## उपभोक्ता समिति

### ३. उपभोक्ता समितिको स्थापना

१) ........................... स्थानमा सामुहिक लाभको दृष्टिकोणले स्वच्छ खानेपानीको आपुर्ति तथा सरसफाइ सेवको समुचित व्यवस्था गर्नको लागी ........................... खानेपानी उपभोक्ता तथा सरसफाइ समिति नामको उपभोक्ता समितिको स्थापना गरिएको छ।

२) उपभोक्ता समितिको प्रधान कार्यलय........................... मा रहनेछ ।कार्य समितिबाट निर्णय गरी आवश्यकतानुसार शाखा कार्यालयहरू थप गर्न सकिनेछ।

### ४) उपभोक्ता समिति संगठित समिति हुने

१. उपभोक्ता समिति अविच्छिन्न उत्तराधिकारवाला ,स्वशासित संगठित संस्था हुनेछ।

२. उपभोक्ता समितिको सम्पुर्ण काम कारवाहीको निमित्त उपभोक्ता समितिको नाम, सम्वन्धित गाउँ विकास समितिको नाम ,दर्ता साल र लोगो अंकित आफ्नो एउटा छुट्टै छाप हुनेछ।

क) छापको विवरण .

छाप गोलाकार हुनेछ जसको माथिको गोलाकारमा '.......................... खानेपानी तथा सरसफाइ आयोजना ''र तलको गोलाकारमा 'उपभमेक्ता तथा सरसफाइ समिति , २०... र विचमा हातले वन्द गर्दै रहेको एक हातसमेतका धारा र धाराको तल ' संरक्षण गरौँ'' रहेको भनी लेखिएको हनेछ।

३. उपभोक्ता समितिले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न , वेचविखन गर्न वा अन्य किसिमले व्यवस्थ ागर्न सक्नेछ।

४. उपभोक्ता समितिले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न। सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नसक्नेछ।

## परिच्छद-३
## उद्देश्य

### ५. उपभोक्ता समितिको उद्देश्य

**१ . उपभोक्ता समितिका निम्न लिखित उद्देश्य रहने छन।**

क) घरेलु तथा अन्य उपभाक्ता लागि खानेपानी तथा सरसफाइ सम्वन्धी आयोजना तर्जुमा , निमाण , सञ्चालन मर्मत तथा सम्भार र विस्तार गरि आयोजना क्षेत्रमा नियमितरूप स्वच्छ खानेपानी आपुर्ती गर्ने र सरसफाइ सेवा उपलव्ध गराई उपभोक्ता को स्वाथ्यमा सुधारमा वृद्दी गर्ने।

ख. आयोजना क्षेत्रभित्र रहेको पुरानो खानेपानी इनार,कुवा,पधेरा तथा अन्य प्राणलीको उचित सम्भार र संरक्षण गर्दै आयोजनाको दिगो सञ्चालन तथा व्यवस्थापनलाई निरन्तरता दिने।

ग. न्यून आय भएका उपभोक्ताहरूका लागी समेत खानेपानी तथा सरसफाइको सेवा उपलव्ध गराउन उनीहरूले ब्यहोर्न सक्ने महसुस कायम गर्ने।

२) उप – दफा (१) मा उल्लेखित उद्देश्य हासिल गर्न उपभोक्ता समितिले स्थानीय स्वायत्त शासन ऐन २०५५ लगाएत प्रचलीत ऐन, कानुन तथा समय समयमा नेपाल सरकारले दिएको निर्देशनको अधीनमा रही आवश्यकतानुसार सम्बन्धित निकायहरूसंग समन्वय राखी निम्न कार्यहरूगर्नेछ ।

क) खानेपानी तथा सरसफाइ आयोजनाका सम्वन्धमा उपभोक्ता समिति र नेपाल सरकार विदेशी सरकार, अन्तर्राष्ट्रिय दातृ संस्था तथा स्थानीय निकायहरूका बीच भएका सम्झौता बमोजिम सम्पन्न गर्नुपर्ने कार्यहरूगर्ने गराउने ।

ख) जिल्ला जलस्रोत समिति, गाउँ विकास समिति र उपभोक्ताबाट आयोजनाका लागि हुने रकम र दातृ संस्था तथा नेपाल सरकारबाट प्राप्त हुने रकमको प्रयोग गरी विस्तृत डिजाईन प्रतिवेदन अनुसार सम्वन्धित संघ–संस्थाहरूको सहयोगमा आयोजनाको निमार्ण कार्य गर्ने गराउने ।

ग) आयोजना कार्यान्वियन गर्दा आवश्यक भए प्रचलीत कानुन बमोजिम अचल सम्पत्ति अधिग्रहण गरी आयोजनालाई व्यवस्थित किसिमबाट कार्यान्यिन गर्ने गराउने ।

घ) सरसफाइको क्षेत्रमा प्रभावकारी रूपले उपभोक्ताहरूको सक्रियता बढाई चढाई चक्रकोषको उपयोग मार्फत उप आयोजनामा निर्दिष्ट सरसफाइ कार्यक्रमहरूकार्यान्यिन गर्ने ।

ङ) गरिविको रेखामुनी पर्ने उपभोक्ताहरूको आर्थिकस्तर उकास्ने खालका आय आर्जनका स्रोत परिचालन गर्न सहयोग पुयाउने ।

च) नेपाल सरकारले खानेपानीका लागी निर्धारण गरेको गुणस्तर सरहको पानी उपभोक्ताहरूलाई उपलब्ध गराउने ।

छ) समुदायमा रहेका जात, जाति, आदिवासी तथा महिला वर्गको उत्थानको कार्यक्रम संचालन गर्ने ।

ज)आयोजनाका विभिन्न संरचनाहरूको आवश्यक मर्मत तथा सम्भार गर्दै आयोजना संचालन गर्ने ।

झ) खानेपानी तथा सरसफाइ सेवाको उपयोगको सम्वन्धमा आवश्यक शर्तहरूतोक्ने दुरूपयोग हुन नदिने तथा प्रदुषण नियन्त्रण गर्ने ।

ञ) तोकिए वमोजिम सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा प्राप्त गर्ने व्यक्ति वा निकाय तथा उपभोक्ताबाट सहशुल विलम्व शुल्क आदि असुल उपर गर्ने ।

ट) उपभोक्ता समितिको उद्देश्य पुर्तिका लागि आवश्यक पर्ने अन्य सम्पुर्ण कार्य गर्ने गराउने ।

## परिच्छेद – ४
## कार्यक्षेत्र

### ६. कार्यक्षेत्र

यस ........................ खानेपानी तथा सरसफाइ आयोजनाको ................ गाउँपालिका न. ........... मा रहेको ................ मुहान ,.................., गाउँपालिका .न. .................... अन्तर्गत क्रमशः.......................

गाउँ र वस्तिहरू भएर आउने प्रशारण लाइन र विवरणलाइनमा पर्ने आयोजनासंग सम्वन्धि , प्रशोधन केन्द्र, पानीपोखरी, सार्वजनिक धाराहरू ल्गायत सम्पुर्ण संरचनाहरू र तिनको समुचित सम्बर्द्धन र संरक्षण उपभोक्ता समितिको कार्यक्षेत्र भित्र पर्छन ।

## परिच्छेद – ५
## सदस्यता

**७. उपभोक्ता समितिको सदस्यता**

उपभोक्ता समितिले यस विधानको दफा ९ र १० को परिधिभित्र रहि उपभोक्ता समितिको कार्यक्षेत्र भित्रका सेवा उपयोग गर्ने स्वास्थ चौकी, समाजिक संघ–संथा, उपभोक्ता समिति, दैवी प्रकोपको कारणले अस्थायीरूपमा खडा गरिएका शिविर, विधालय ,सरकारी वा गैरसरकारी कार्यालय, उधोग , कलकारखाना तथा सर्वसाधारण नागरिकलाई साधारण सदस्यता प्रदान गर्न सक्नेछ। सामान्यतया उधोग व्यवसाय , सरकारी कार्यालय तथा संघ संस्थाको हकमा कार्यालयको प्रमुख वा निजले तोकेका

व्यक्तिलाई यस उपभोक्ता समितिको साधारण सदस्यता प्रदान गरिनेछ।

**८. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि**

१) उपभोक्ता समितिको सदस्य वन्न साधारणसभावाट निर्धारण गरिएको शुल्क तिर्नु पर्नेछ।

२) सदस्यता नवीकरण शुल्क कार्य समितिले तोके वमोजिम हुनेछ।

३) यस विधानको परिधि र प्रचलित कानुनको प्रावधान भित्र रहि सदस्यता वितरण सम्वन्धी कार्यविधी कार्य समिति आफैले निर्धारण गर्न सक्नेछ।

४) कुनै संघ संस्थालाई पनि समितिले निर्णय गरी सदस्यता प्रदान गर्न सक्नेछ।

**९. सदस्यताको लागि योग्ता**

उपभोक्ता समितिको विधान र नियमलाई पालना गर्ने निम्न उपभोक्ता (व्यक्ति ) सदस्यको लागि योग्य मानिन्छ।

क) २१ वर्ष उमेर पुगेको नेपाल नागरिक।

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषि प्रामाणित नभएको। ग)संघ संस्था भए प्रचलित कानुनबमोजिम दर्ता भइ कानुनी मान्यताप्राप्त भएको।

**१०. सदस्यताको लागि अयोग्यता**

१) निम्न व्यक्ति सदस्यताको लागि अयोग्य ठहरिनेछ।

क) २१वर्ष पुरा नभएको

ख) नैतिकपतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतबाट दोषी करार भएको।

ग) सदस्यको विरूद्ध अविश्वासको प्रस्ताव यस विधानबमोजिम पारित भएमा वा सदस्यता नवीकरण नगरेको।

घ) कुनै सेवा प्राप्त गर्ने व्यक्ति वा उपभोक्ताले तोकिएको महशुल नबुझाई कार्य समितिले सदस्याताबात हटाएङ) आयोजना क्षेत्रभित्रको बासिन्दा नभएको।

च) आयोजना क्षेत्रबाट बसाई सरेर अन्यत्र गएमा निजको सदस्यता स्वतः समाप्त हुनेछ।

२) उपभोक्ता संस्थाको उद्देस्य र हीत विपरीत कार्य गरे गराएको वा त्यस्तो कार्य गर्न गराउने प्रयत्न गरे गराउने प्रमाणित हुने आएमा कार्य समितिले त्यस्तो सदस्यको सलस्यता समाप्त गर्नु गर्नसक्नेछ। तर यसरी सदस्यता समाप्त गर्नु पुर्व सफाइको मौका दिनुपर्नेछ

## परिच्छेद – ६
## साधारण सभा

### ११. साधारण सभाको गठन विधि र सभाको सञ्चालन

१) उपभोक्ता समितिको सर्वोच्च निकायकोरूपमा साधारण सभा हुनेछ। कार्य समिति साधारण सभा प्रति साधारण सभा सम्पुर्ण उपभोक्ताहरूको हित प्रति उत्तरदायी हुनेछ। साधारण सभाको निर्णय र निर्देशन कार्य समितिले अनिवार्यरूपमा पालना हुनु पर्नेछ ।

२) उपभोक्ता समितिको सधारण सभा वर्षको कम्तिमा १ पटक बस्नेछ। यसलाई वार्षिक साधारण सभा भनिनेछ। यसमा उपभोक्ता समितिको सदस्यता प्राप्त गर्ने सबै व्यक्ति उपस्थित हुनुसक्ने छन्।

### १२. विषेश साधारण सभा

कार्य समितिले निर्णय गरेबमोजिम वा उपभोक्ता समितिको एक चौथाई साधारण सदस्यले लिखितरुपमा अध्यक्ष समक्ष साधारण सभाको वैठक वोलाउन माग गरेमा सचिवले कार्य समितिले तोकेको स्थान र समयमा १५ दिन भित्र विशेष साधारण सभा वोलाउन पर्नेछ।

### १३. सभाको सुचना

वार्षिक साधारण सभा बस्नका लागि कम्तीमा ३० दिन अगावै र विशेष साधारण सभा बस्नको लागि कम्तीमा १५ दिन अगावै सभा हुने स्थान मिति, समय र छलफल हुने विषय उल्लेख गरी साधारण सदस्यलाई सुचना दिइनेछ । यस्तो सुचना उपभोक्ता समितिको सुचना पाटिमा टासी वा पत्र पत्रिका मार्फत पनि प्रकाशित गर्नसकिनेछ।

### १४. गणपुरक संख्या

१) सभामा उपस्थित भई मतदान गर्न पाउने कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यको उपस्थितिलाई सभाका संख्या पुगेको मानिनेछ तर पहिलो पटक गणपुरक संख्या नपुगेमा दोस्रो पटक एक तिहाइ र दोस्रो पटक पनि गणपुरक संख्या नपुगेको तेस्रो पटक एक चौथाइ सदस्य संख्या नै सभाको गणपुरक संख्या मानिनेछ। उपस्थित सदस्य संख्याको वहुमतको निर्णय मान्य हुनेछ। यसरी दोश्रो र तेश्रो पटक साधारण सभाको वैठक बोलाउदा दफा १३ वमोजिमको समय दिनुपर्ने छैन।

२) साधारण सभाको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा उपाध्यक्ष र निज पनि अनुपस्थित भएको अवस्थामा उपभोक्ता समितिको कार्य समितिको कार्य समितिको सदस्य मध्ये ज्येष्ठ सदस्यलेअध्यक्षता गर्नेछ । तर जसका विरूद्द अविश्वासको प्रस्ताव ल्याएको हो उसले सभाको सभापतित्व गर्न पाउने छैन।

३) साधारण सभामा पेश गरिने सवै विषयहरू प्रस्तावको रूपमा पेश गर्नु पर्नेछ।

४) पक्ष विपक्षमा मत सङ्कलन गर्दा साधारणतया हात उठाई गरिनेछ। मत बरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत आवश्यक परेमा गोप्य मतदान गराउन सकिनेछ।

### १५. साधारण सभाको काम कर्तव्य र अधिकार

१) साधारण सभाको काम , कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन।

क) कार्य समितिका सदस्य तथा पदाधिकारीको निर्वाचन गर्ने।

ख) वार्षिक बजेट पारित गर्ने।

ग) लेखा परिक्षक नियुक्त गर्ने र पारिश्रमिक तोक्ने।

घ) लेखा परीक्षण प्रतिवेदन उपर छलफल र निणर्य गर्ने।

ङ) कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

छ) उपभोक्ता समितिले उपलब्ध गराएको खानेपानी उपभोग गर्न उपयोग हुने मिटरको प्रयोग तथा बिलिङ्क सम्वन्धमा अनुगमन गर्ने ।

ज) पानि महसुल, विलम्ब शुल्क वा अन्य सेवा दस्तुरहरूको पुनरावलोकन एवं संशोधन परिमार्जनको लागि कार्य समितिले प्रस्तुत गर्ने प्रस्ताव माथि छलफल गरी स्वीकृति प्रदान गर्ने ।

झ) व्यवस्थापन तथा प्राविधिक कामका लागि आवश्यक कर्मचारीहरूको दरबन्दी स्वीकृत गर्ने ।

ञ)उपभोक्ता समितिको सेवा क्षेत्र बाहिरका छिमेकी गाउँ विकास समिति वा वडाहरूको विकास निर्माणका कार्यलहरूमा सहयोग गर्ने सम्वन्धमा छलफल गरी कार्य समितिले गरेको निर्णय अनुमोदन गर्ने ।

ट) उपभोक्ता समितिको नियम विनियम वनाउने र उपभो्क्ता समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक समिति वा उप .समिति गठन गर्ने

ठ) उपभोक्ता समितिको सदस्यता शुल्क सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

ड) आयोजना क्षेत्र ठुलो भएमा वा उपप्रणाली भएमा ती क्षेत्रमा कार्यसमितिको कार्य गर्न उप–प्रणाली समितिहरूगठन गर्ने । उपप्रणाली समितिहरूमा एक संयोजक सहित आवश्यकता अनुसार ५ वा ७ जनासम्मको समिति बनाउन सकिनेछ ।यस्तो उप_प्रणाली समितिमा महिलाको सहभागीता अनिवार्य रहनु पर्नेछ ।

२) यो विधान र यस विधान अन्तर्गत बनेका नियम र विनियमको अधिनमा रही उपभोक्ता समितिले गर्नुपर्ने सम्पुर्ण काम कारवाही गर्नु तथा कार्य समितिलाई प्राप्त सम्पुर्ण अधिकारको प्रयोग तथा कर्तव्यको पालना गर्नु साधारण सभाको कर्तव्य हुनेछ ।

**१६. सल्लाहकार**

उपभोक्ता समितिको उद्देश्य प्राप्तिका लागि कसैलाई सल्लाहकारमा नियुक्त गर्न आवश्यक छ भन्ने कार्य समितिलाई लागेमा कार्य सकितिले त्यस्ता व्यक्तिलाई सल्लाहकारमा नियुक्ति गर्न सक्नेछ ।

## परिच्छेद _७
## कार्य समिति

**१७. कार्य समिति**

१) लोकतान्त्रिक किसिमको किसिमको निर्वाचन प्रक्रियाद्वारा उपभोक्ता समितिका काम कारवाही , सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि उपभोक्ता समितिले कम्तीमा ३ महिलासहित ९ जना सदस्य भएको एक कार्य समितिको गठन गर्नेछ । त्यसैगरी मुख्य पद अध्यक्ष,उपाध्यक्ष,कोषाध्यक्ष र सचिवमध्ये कम्तिमा १ जना महिलाको प्रतिनिधित्व हुनेछ । साथै जनजाति तथा दलितहरूको प्रतिनिधित्व निजहरूको जनसंख्याको अनुपातमा कम्तिमा १ जना नघट्ने गरी हुनु पर्नेछ ।

२) कार्य समितिमा देहायका पदाधिकारी तथा सदस्य रहनेछन् ।

क) साधारण सभाबाट निर्वाचित एक जना _ अध्यक्ष

ख) साधारण सभाबाट निर्वाचित एक जना _ उपाध्यक्ष

ग) साधारण सभाबाट निर्वाचित एक जना _ सचिव

घ) साधारण सभाबाट निर्वाचित एक जना _ कोषाध्यक्ष

ङ) साधारण सभाबाट निर्वाचित पाँच जना _ सदस्य

३) कार्य समितिका पदाधिकारीको कार्य अवधि २ वर्षको हुनै उचित कारणवश : अर्को कार्य समितिको गठन हुन नसकेको अवस्थामा वढिमा १ वर्षसम्म सोही कार्य समितिले कार्य सञ्चालन गर्नसक्नेछ। तर यो निणर्यलाई लगत्तै बस्ने साधारण सभाबाट अनुमोदन गर्नुपर्नेछ।

४) कार्य समितिका पदाधिकारीको तथा सदस्यको पदावधि देहायको अवस्थामा समाप्त हुनेछ।

क) कार्य समितिका अन्य पदाधिकारी तथा सदस्यले अध्यक्ष समक्ष र अध्यक्षले उपाध्यक्ष मार्फत् कार्य समिति समक्ष राजिनामा दिई स्वीकृत भएको।

ख) लिखित सुचनाबिना लगातार ६ पटकसम्म बैठकमा अनुपस्थित भएमा र सोको उचित कारण पेश गर्न नसकेमा।

ग) उपभोक्ता समितिको साधार सदस्य नरहेमा।

घ) मृत्य भएमा।

**१८. निर्वाचन**

उपभोक्ता समितीको कार्य समितिको नयाँ निर्वाचनको लागि कार्य समितिले एक निर्वाचन समिति गठन गर्नेछ। सो निर्वाचन समितिमा स्थानीय भद्र भलादमी, शिक्षक वा सरकारी कार्यालयका मध्येबाट एक जना संयोजक र दुई जना सदस्यहरू रहने छन। तर यस प्रावधानले दफा १५ को उपदफा १ को खण्ड (क) अनुसार साधारण सभावाट सोझै निर्वाचन गर्न वाधा पुगेको मानिने छैन।

**१९.सपथ ग्रहण**

नबनिर्वाचित समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, काषाध्यहरुले निर्वाचन समितिको संयोजक समक्ष सपथ ग्रहण गर्नेछन। सामान्यतया निर्वाचन सम्पन्न भएको ७ दिन भित्र तोकिको ढाचामा सपथ ग्रहण गराई पदाधिकारीले कार्यभार सम्हाल्नु पर्नेछ।

**२०. कार्य समितिको काम कर्तब्य र अधिकार**

क) नियमावली तथा विनिमयमावली तयार गर्न।

ख) वार्षिक वजेट तथा कार्यक्रम तयार पारी साधारण सभामा पेश गर्ने र साधाण सभाले निर्णय गरे बमोजिम कार्य सञ्चालन गर्ने।

ग)उपभोक्ता समितिको लागी आर्थिक स्रोत जुटाउने।

घ) आयोजनाका लागि दातृ सस्था वा नेपाल सरकारसगं भएको सम्झौता अनुसार स्थानिय निकाय बाट उपलब्ध गराउनु

ङ) उपभोक्ता समितिको दैनिक कार्य सञ्चालन गर्नका लागि कर्मचारी नियुक्ति गर्ने पारिश्रमिक तथा सेवाका शर्तहरूतोक्ने।

च) उपभोक्ता समितिको कोष सञ्चालन गर्ने।

छं) विस्तृत डिजाइन प्रतिवेदन अनुसार आयोजना तर्जुमा विकास तथा कार्यान्वियन गर्ने, गराउने।

ज) उपभोक्ता समितिको उद्देश्य परिपूर्तिका लागि कार्यक्रम तय **गरी** कार्यान्वियन गर्ने गराउने।

झ) उपभोक्ता समितिले आयोजना निर्माण सञ्चालन मर्मत सम्भार तथा बिस्तारका लागि नेपाल सरकार वा अन्य कुनै निकायबाट अनुदान प्राप्त गर्ने र जिल्ला जलस्रोत समिति**,** गाउं पालिका, गैर सरकारी सस्था र उपभोक्ता समिताका बिचमा भएको सम्झौताको शर्त अनुसार तोकिएको समयमा लक्षित कार्य सम्पन्न गर्ने गराउने।

ञ) खानेपानी तथा सरसफाइ  सम्बन्धि सेवा प्रदान गर्ने ।

ट) नेपाल सरकारले खानेपानीको लागी निर्धारण गरेबमाेजिम गुणस्तर कायम गर्ने ।

ठ) आयोजनाको सुरक्षा, सञ्चालन , मर्मत सम्भार र रेखदेख गर्ने ।

ड) प्रचलीत ऐन नियमले तोकिए बमोजिमका कार्य नगरेमा सेबा बन्द गर्ने कटौत ी गर्ने ।

ढ) उपभोक्ता समितिले सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा प्राप्त गर्ने व्यक्ति वा निकायलाई महसुल तथा सेवा शुल्क तोकी असुल उपर गर्ने गराउने ।

ण) उपभोक्ता समितिको उद्देश्य प्राप्तिका लागि  आवश्यक उप _समितिहरू गठन गर्ने ।

त) स्रोत परिचालनसम्वन्धी आइपर्ने सम्पुर्ण कार्य गर्ने गराउने ।

थ) आम्दानी खर्चको लेखा परीक्षण गराउर्ने ।

द) सल्लाहकार नियुक्ति वा मनोनयन गर्ने ।

घ) आवश्यकताअनुसार अधिकार प्रत्यायोजन गर्ने ।

न) प्रचलित ऐन कानुनमा तोकिएबमोजिम उपभोक्ता तथा अन्य व्यक्तिले गर्न नहुने कार्य गरेमा कार्य समितिले प्रचलित ऐन नियम र यस विधान वमोजिम तोकिएनुसार सक्वन्धित निकायबाट कानुनी उपचार लिने ।

प)  उपभोक्ता समितिका तर्फबाट प्रतिनिधित्व गर्ने ।

फ)  कार्य समितिको निर्वाचन सम्वन्धी व्यवस्था मिलाउने ।

ब) कार्य समितिको सदस्यको सुविधा (वैठक भत्ता तथा अन्य ) तोक्ने ।

भ) कार्य समितिका सदस्य समक्ष हकदावी वा नामसारीको निवेदन पर्न आएमा प्रचलित कानुनअनुसार हकदावी तथा नामसारी गरिदिने

म) विधानमा लेखिएका अन्य कार्य गर्ने तथा फुकुवा गर्ने ।

य) आयोजनाको क्षेत्र ठुलो भएको खण्डमा आफुले गर्ने कार्यहरू उप प्रणाली समितिहरूमा अधिकार प्रत्यायाजन गर्ने ।

**२१ .अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) साधारण सभा एवं कार्यसमितिको वैठक वोलाउने ।

ख) साधारण सभा एवं कार्यसमितिको बैठकको अध्यक्षता गर्ने ।

ग) आवश्यकता अनुसार अन्य क्षेत्रमा उपभोक्ता समितिको तर्फबाट प्रतिनिधित्व गर्ने ।

घ) आवश्यकता अनुसार उपभोक्ता समितिको तर्फबाट कुनै व्यक्ति, उपभोक्ता समिति, उपभोक्ता समिति, सरकारी निकायसंग सम्झौता गर्ने

ङ) समितिको निर्णय कार्यान्वियन गर्ने गराउने । आवश्यकतानुसार आफुमा रहेका अधिकार प्रत्यायोजन गर्ने ।

च) विधान संशोधन तथा विधान र विधान र विधानका अधीनका अधिनमा रही बनाएको नियम विनियम विनियममा उल्लिखित अधिकार प्रयोग गर्ने ।

**२२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

क) अध्यक्षको अनुपस्तिमा वैठकको अध्यक्षता गर्ने  ।

ख) अध्यक्षको कार्यमा सहयोग पुऱ्याउने ।

ग) उपभोक्ता समितिको हित हुने अन्य कार्य गर्ने ।

**२३) सचिवको काम, कर्तव्य र अधिकार**

क)  अध्यक्षको निर्देशानुसार वा कार्य समितिको आवश्यकताअनुसार वैठक बोलाउने ।

ख) कार्य समिति वा साधारण सभाको सुचना दिने ।

ग) कार्य समिति र साधारण सभाले पारित गरेको निर्णयको अभिलेख राखि कार्य समितिको  निर्णय प्रमाणित गर्ने र निर्णय कार्यान्वियनका लागि आवश्यक कार्य गर्ने ।

घ) साधारण सभामा उपभोक्ता समितिको वार्षिक कार्यक्रम पेस गर्ने ।

ङ) उपभोक्ता समितिको वार्षिक प्रगति विवरण तयार गर्ने ।

च) उपभोक्ता समितिको उद्देश्य प्राप्तिका लागि नेपाल सरकार वा उपभोक्ता समितिमा पेश गनेुपर्ने प्रतिवेदन तयार गर्ने गराउने,उपभोक्ता समितिको हित हुने अन्य कार्य गर्ने गराउने ।

छ) उपभोक्ताहरूसंग सम्पर्क राखी आयोजनासम्वन्धी जानकारी लिने दिने ।

**२४. कोषाध्यक्षको काम ,कर्तव्य र अधिकार**

क) उपभोक्ता समितिको आय–व्ययको विवरण ठिक दुरूस्त राख्ने राख्न लगाउने ।

ख) वार्षिक आर्थिक प्रातिवेदन एंव आय व्यय विवरण तयार गर्ने र कार्य समिति मार्फत साधारण सभामा पेश गर्ने गराउने ।

ग) नेपाल सरकारको कुनै निकायमा पेश गर्नुपर्ने आर्थिक विवरण तयार गर्ने गराउने ।

घ) उपभोक्ता समितिको आय स्रोत जुटाउन सक्रिय रही दैनिक कार्य सम्पादनका लागि उपभोक्ता समिति प्रमुख वा सम्बन्धित निकायसँग सर्म्पक राखी काम गर्ने ।

ङ) उपभोक्ता समितिको लेखापरीक्षण सम्वन्धी कार्यमा सहयोग गर्ने ।

च) उपभोक्ता समितिको लेखा सम्वन्धी कार्यको जिम्मेवारी लिने ।

छ) अध्यक्षसंगको संयुक्त दस्यखतमा वैंकमा उपभोक्ता समितिको मर्मत सम्भार खाता खोली संचालन गर्ने।

जं) प्रत्येक वर्ष कम्तीमा एक पटक साधारण सभामा आयोजनाको आम्दानी र खर्चको विवरण जानकारी गराई अनुमोदन गराउने ।

झ) लेखा सम्वन्धी प्रतिवेदनको जानकारी सम्वन्धित दातृ संस्था तथा निकायमाा दिनु पर्नेछ ।

ञ) उपभोक्ता समितिको नाममा जम्मा हुने आएको चलअचल सम्पत्ति नगद जिन्सी आदि सम्पत्तिको जिम्मा लिई त्यसको हिसाव किताव राखि खर्चको फाँट अतनगद मसुचना दिने ।

ट) आवश्यकता अनुसार तोकिएका कार्य गर्ने ।

**२५. सदस्यको काम ,कर्तव्य र अधिकार**

क) कार्य समिति र साधारण सभाको भेलाले निर्णय गरेका कुराहरूलाई कार्यन्वयन गर्न सहयोग गर्ने ।

ख) आयोजनासँग सम्बन्धित विषयमा समस्या परेमा समाधान गर्न कोशिश गर्ने ।

ग) अध्यक्षको निर्देशन अनुसार आयोजनाको स्थायित्वको निमित्त आवश्यक कार्य गर्ने ।

घ) उपभोक्तासँग सम्पर्क राखी आयोजना सम्वन्धी जानकारी लिने दिने ।

ङ) कार्य समितिले तोकेएका कार्य गर्ने ।

**२६. कार्य समितिको वैठक सम्वन्धी कार्यविधि**

१. कार्य समितिको नियमिको वैठक कम्तिमा प्रत्येक महिनाको एक पटक बस्नेछ ।

२. वैठकमा हुने छलफलका लागि प्रस्तावित विषय सुचि सहित,बैठक वस्ने मिति, समय र स्थान उल्लेख गरी कार्य समितिका पदाधिकारीलाई घटमा ३ दिन अगाडि नै अध्यक्षको निर्देशनमा कार्य समितिको सचिवले पत्रबाट सुचित गर्नेछ। कार्य समितिको सदस्यहस्ले प्रस्तुत गर्ने प्रस्तावहरूलिखितरूपमा ३ दिन अगावै सचिव मार्फत पेश गर्नुपर्नेछ र सचिवले अध्यक्षको अनुमतिमा उक्त प्रस्तावहरूबैठक सुरू हुनु भन्दा १ दिन अगाबै कार्य समितिका अन्य सदस्यहरूलाई लिखितरूपमा जानकारी गराउनेछ।

३. कार्य समितिको बैठकको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको पनि उपस्थिति नरहेमा समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन।

४.दुइ तिहाई भनी किटान गरिएको विषयहरूमा वाहेक अन्य विषयहरूमा सामान्य वहुमतको आधारमा निर्णय गरिनेछ।

## परिच्छेद -८
## आर्थिक स्रोत

**२७. उपभोक्ता समितिको आर्थिक स्रोत देहाय वमोजिम हुनेछ।**

क) सरकारी वा गैरसरकारी संस्थाबाट सहयोग वा अनुदान स्वरूप प्राप्त रकम।

ख) सदस्यता शुल्कबाट प्राप्त रकम।

ग) विदेशि दातृ संस्थावाट प्राप्त रकम (यस्तो रकम प्राप्त गर्दा नेपाल सरकारको स्वीकृति लिइनेछ।

घ) साधारण सभा वा कार्य समितिले निर्णय गरे बमोजिम प्राप्त हुने रकम।

ङ) अन्य प्रचलित व्यहो्राले उपभोक्ता समितिले प्राप्त गर्ने रकम।

च) उपभोक्ताबाट उठाइएको पानी महसुल लगायत अन्य रकम।

छ) दण्ड जरिवानाबाट उठको रकम।

ज) निर्माण वा अन्य स्रोतबाट आयोजनामा वचत भएको रकम आदि।

**२८. चल अचल सम्पत्तिको विवरण**

यस विधानबमोजिम प्राप्त रकम तथा उपभोक्ता समितिको नाउँमा रहेको चलअचल जायजेथा उपभोक्ता समितिको सम्पति हुनेछ। सम्पतिको परिचालन कार्य समितिले निर्णय गरे वमोजिम हुनेछ।

**२९. कोष र कोषको संचालन विवरण**

उपभोक्ता समितिको एउटा छुट्टै कोष हुनेछ। सो कोषमा दफा २७ बमोजिम प्राप्त रकम आम्दानी बाधिनेछ। अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखत वा कार्य समितिले निर्णय गरी तोकेका व्यक्तिहरूवाट वैकमा मर्मत सम्भार खाता वा अन्य खाता खोली सञ्चालन गरिनेछ।

**३०. लेखा र लेखापरिक्षण**

१) उपभोक्ता समितिको सम्पत्ति र आयव्यको विवरण कार्य समितिले तोकिदिए बमोजिम राखिनेछ।

२) आर्थिक वर्ष तमाम भएको मितिले ६ कहीना भित्र उपभोक्ता समितिको आयव्यय विवरण र वासलात तयार गरी साधारण सभाले तोकेको लेखा परीक्षकद्वारा लेखा परिक्षण गराइनेछ।

३) लेखा परिक्षण भइसकेपछि सो हिसाव विवरण र तत्सम्बन्धी लेखा परीक्षकको प्रतिवेदन कार्य समितिकामा पेश गरी कार्य समिति मार्फत साधारण सभामा पेश गरिनेछ।

## परिच्छेद - ९
## विविध

**३१. निर्वाचन सम्वन्धी व्यवस्था**

१) निर्वाचन सम्वन्धी सम्पुर्ण कार्यविधि दफा १८ को अधिनमा रही कार्य समितिले तोके बमोजिम हुनेछ ।

२) उपभोक्ता समिति दर्ता भएको ६ महिना भित्र पहिलो निर्वाचन गराई सोको जानकारी गाउपालकिा जलस्रोत समिति ................................. लगायत अन्य सम्बन्धित निकायलाई दिइनेछ ।

**३२. उम्मेदवार हुन अयोग्यता**

१) यस विधानको दफा १० वमोजिमको अयोग्य भएको व्यक्ति कार्य समितिको सदस्य तथा पदाधिकारीको पदमा उम्मेदवार हुनसक्ने छैन ।

२) कार्य समिति सामुहिक एवं व्यक्तिगतरूपले साधारण सभाप्रति उत्तरदायी हुनेछ ।

३) कार्य समितिको कुनै सदस्य वा पदाधिकारीले यस उपभोक्ता समितिको विरूद्व कार्य गरी उपभोक्ता समितिलाई हानी नोक्सानी पुर्‍याउन खोजेको कुरा प्रमाणित हुन आएमा त्यस्तो सदस्य उपर साधारण सभामा मतदान गर्न पाउने सदस्यले लिखित प्रस्ताव कार्य समिति समक्ष दर्ता गरी त्यस्तो प्रस्ताव सभामा पेश हुदा दुई तिहाई सदस्यद्वारा पारित भएमा त्यस्तो सदस्य वा पदाधिकारी स्वतः हटेको मानिनेछ । तर, जसउपर अविश्वासको प्रस्ताव दर्ता भएको हो उसलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिइनेछ ।

**३३. विधान संशोधन**

यो विधान संशोधन गर्नु परेमा साधारण सभाको दुई तिहाई सदस्यको वहुमतले संशोधन प्रस्ताव पारित गर्नुपर्नेछ । पालिका जलस्रोत समितिको स्वीकृति प्राप्त भएपछि मात्र विधानमा गरिएको संशोधन लागु हुनेछ।

**३४. नियम विनियम बनाउने**

उपभोक्ता समितिको उद्देश्य प्राप्त गर्न प्रचलित ऐन कानुन र यस विधानसंग नबाझिने गरी कार्य समितिले आवश्यक नियम विनियम बनाई लागु गर्न सक्नेछ ।

**३५. उपभोक्ता समितिको विघटन**

उपभोक्ता समितिले विधान वमोजिम कार्य गर्न नसकी वा साधारण सभाका कुल सदस्य संख्याको तीन चौथाइ वहुमतले वा अन्य कुनै कारणले उपभोक्ता समिति विघटन भएमा उपभोक्ता समितिको नाममा रहेको चलअचल श्रीसम्पत्ति र कानुनद्वारा सृजित दायित्व गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धि कार्यविधि २०८१ बमोजिम हुनेछ ।

**३६. व्याख्या गर्ने अधिकार**

यस विधानको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**३७. निष्क्रिय हुने**

यस विधानमा लेखिएका कुराहरूप्रचलित कानुनसँग वाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय भएको मानिनेछ ।

**प्रमाणिकरण मिति:२०८२।०१।०३**

**त्रिविक्रम खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**

# अन्य आवश्यक ववरणहरु

..............................................**खानेपानी तथा सरसफाइ आयोजनाको विवरण**

१. आयोजनाको नाम :

२.आयोजनाले समेटेको क्षेत्र :

२.१ जिल्ला :

२.२ नगरपालिका/गाउँपालिका :

२.३ वडा न. :

२.४ टोल,वस्ती :

२.५ सदरमुकाम देखि दुरी .................किलोमिटर (कोष )

३. घरधुरी संख्या : ..................................

४. वर्तमान जनसंख्या : .......................

५. प्रस्तावित पानीको मुहानको नाम र स्थल : ........................... नगरपालिका,गाउँपालिका ................... वडा नं . ...................... ठाउँको नाम ...............................

६. मुहानको किसिम : मुल ,भुमिगत जल , भुमिगत जल ,खाला, नदी अन्य ..................

७. मुहानको क्षमता (लिटर प्रति मिनेट) :

८. दैनिक आवश्यक पर्ने पानी (लिटर ) :

९. मध्यवस्तीदेखि मुहानसम्मको अन्दाजी दुरी (किलोमिटर /कोष ) :

१०. मध्यवस्ती देखि मुहानसम्मको अन्दाजी उचाई (मिटर /फिट /हात ):

११. पानी पोखरी (टंकी) स्थल :

१२.आवश्यक धारा संख्या :

१३. अन्दाजी लागत रकम :

१४. पानीपोखरी (टंकी ) को क्षमता र संख्या :

१५. ट्रान्समिसन पाइपलाइनको लम्वाइ :

१६. वितरण पाइपलाइनको लम्वाइ :

१७. उपभोक्ता समितिको प्रतिवद्वता :

१७.१. आयोजनाको याजना तर्जुमा, विकास। निर्माण र संचालन तथा मर्मत सम्मार ................................ कार्यालय तथा ............................... सहयोगमा उपभोक्ता संस्था आफैले गर्ने कुरामा उपभोक्ता संस्था सहमत छ।

१७.२. आयोजना लागतको २० प्रतिशत उपभोक्ताले ब्यहोर्नुपर्ने कुरामा उपभोक्ता संस्था सहमत छ।

१७.३. यस्तो २० प्रतिशत लागत मध्ये आयोजना निमार्णपुर्व नै कम्तीमा ...................... प्रतिशत संस्थाको खातामा जम्मा गर्नु पर्ने कुरामा उपभाक्ता संस्था सहमत छ।

१७.४. निर्माण पश्चात संचालन तथा मर्मत सम्भारका लागि आवश्क रकम उपभोक्ताबात उठाईने कुरा उपभोक्ता संस्था सहमत छ।

१८.अन्य केही भए खुलाउने।

१९. प्रमाणित गर्ने उपभोक्ता संस्थाका पदाभिकारीहरूको नाम, थर र सही

१९.१ अध्यक्ष _

१९.२ उपाध्यक्ष _

१९.३ कोषाध्यक्ष _

१९.४. सचिव _

१९.५ सदस्यहरु _

१)

२)

३)

४)

५)

मिति _

**विधान भर्दा र पेश गर्दा आवश्यक पर्ने कराहरू _**

- िवधान पस्तिका (२ प्रति) को प्रत्येक पानाको शीर र पुछार दुवैमा उ.स.स.पदाधिकारीहरूले हस्ताक्षर गर्ने प्रति आफैसाथ राख्ने। खाली स्थानमा आबश्यक कुरा भर्ने।
- समिति दर्ताको फाराम भर्ने।अध्यक्ष वा सचिवमध्ये १ जना हस्ताक्षर गर्ने।
- श्रोत (मुल) दर्ताको फाराम भर्ने। अध्यक्ष वा सचिवमध्य १जनाले हस्ताक्षर गर्ने।
- श्रोतमा विवाद नभएको वडा मुचुल्का १ प्रति
- ए .स.स. पदाधिकारीहरूको नेपाली नागरिकताको प्रतिलिपी १/१ प्रति
- ऋायोजनाको सामान्य नक्सा।
- अन्य संघ संस्थाले सहयोग गर्न लागेको भए, लगत इष्टीमेत (ल.ई) को सारांश तथा सम्झौता पत्र।

**सरुमारानी गाउँपा लकाको कार्यालय, प्यूठान उपभोक्ता संस्था र मुल दर्ता गर्न आवश्यक कागजातहरू**

- १. सामान्यतया एक घर एक सदस्यका दरले उपभोक्ता भेला तथा उपभोक्ता समिति गठन गरेको कागजपत्रको फोटोकपि आयोजनाले समेट्ने घरधुमध्ये ५० प्रतिशत भन्दा वढी उपभोक्ताको उपश्थिति अनिवार्य हुनुपर्ने।
- २. सरूमारानी गाउपालिकाको वडा न..........को अध्यक्षले उपभोक्ता समिति दर्ता गरिदिने भन्ने सम्वन्धी सरूमारनी गाउँपा लकालाई गरेको सफारिस पत्र ।
- ३. उपभोक्ता समिति कम्तिमा ९ जनाको हुनुपर्ने।
- ४. उपभोक्ता समितिमा ५० प्रतिशत महिला पदाधिकारी भएको हुनुपर्ने (३३ प्रतिशत न्यनतम)
- ५. महिला पदाधिकारी मुख्य पद (अध्यक्ष ,उपाध्यक्ष ,सचिब तथा काषध्यक्ष ) मध्ये एक जना अनिवार्य भएको हुनुपर्ने।
- ६. उपश्थितिको आधारमा दलित ,जनजाती,आदिको उपभोक्ता समितिमा सहभागिता हुनुपर्ने।
- ७. वडावाट .....................मुल........................खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको नाममा दर्ता गरिदिनको लागि गाउपालकिा जलस्रोत स मतिलाई लखिएको पत्र समावेस भएको हुनुपर्ने
- ८. तीन प्रति विधानमा प्रत्येक पानामा तल र माथि समेत प्रत्येक उपभोक्ता समितीका पदाधिकारीहरूको हस्ताक्षर हुनुपर्ने।
- ९. उपभोक्ता समितिका प्रत्येक ९जना पदाधिकारीहरूको नागरिकता प्रमाणपत्रको नक्कल (फोटोकपि )संलग्न भएको हुनुपर्ने।
- १०. गाउपालिका जलस्रोत समितिलाई उपभोक्ता समिति तथा खानेपानीको मुहान दर्ता गरिदिने सम्वन्धी निवेदन (यस निवेदनमा उपभोक्ता समितिका अध्यक्ष्यको सहि छाप हुनुपर्ने )।
- ११. उपभोक्ता समितिको स्थायी छाप भएको हुनुपर्ने। साथै विधानमा समेत छाप लगाइएको हुनुपर्ने।
- १२. गाउपालिका जलस्रोत समितिलाई सस्था र मुल दर्ता भएपछि रू.१००० दर्ता शुल्क वुझाउनुपर्ने।
- १३. आयोजनाको कुल लागत अनुमान ( एक स्किमहरू भएका आयोजनाको हकमा प्रत्यक स्किम अनुसार ) रकमको १ प्रतिशत नगद उपभोक्ता समितिको मर्मत संभार खाता (मूद्दती खाता ) मा न्यनतम पाँच वर्ष अवधिको लागि राखेको वैक भौचरको फोटोकपि संलग्न भएको हुनुपर्ने
- १४.मुल रहेको वडाको मुल विवाद नरहेको भन्ने वडा मुचुल्का अथवा मुल नजिकको व्यक्तिहरूको मुल विवाद नरहेको भन्ने मुचुल्का समावेस भएको हुनुपर्ने।
- १६. आयोजनाको संरचनाहरू र वस्ती तथा वडा र टोल समेत देखिने गरि वनाइएको हाते नक्सा समावेश भएको हुनुपर्ने।
- १७. सामुदायीक वन भित्र रहेको मुलको हकमा सामुदायीक वन समितिको सहमति पत्र संलग्न भएको हुनुपर्ने।

- १८. व्यक्तिगत जग्गाभित्र रहेको मुलको हकमा सम्वन्धित जग्गाधनिले मेरो फलानो कित्ता न. मा रहेको उक्त मुल खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई दिन मन्जुर रहेको सहमतीपत्र ।
- १९. वैक खाता संचालनको लागि समितिका अध्यक्ष र अर्को उक जना सचिव वा कोषाध्यक्ष मध्ये एक जना कसको नाममा खाता संचालन गर्ने हो सोको समिति वाट निर्णय भएको हुनुपर्ने साथै .................. वैंक ली. ............को दस्तखत नमुना कार्डमा सहि छाप भएको हुनुपर्ने साथै फोटो दुवै जनाको २/२ प्रती

## सरुमारानी गाउँपालिका.......................वडा समितिको सिफारिस नमूना

## (वडा कार्यालयले भर्नुपर्ने )

यस सरूमारानी गाउँपालिका अन्तर्गत वडा न. ................................ टोल (गाउँ) मा सञ्चालित /सञ्चालन हुने .........................................खानेपानी आयोजनाको लागी गठित /गठन हुने लागेको ................................. खानेपानी उपभोक्ता तथा सरसफाइ समिति र ................. गाउँपालिका ........... नम्वर वडास्थित उक्त आयोजनाले प्रयोग गर्ने .................................. स्रोत (मुल/मुहान) दर्ता हुने उपयुक्त देखिएकोले यो सिफारिस गरिएको छ ।साथै उल्लेखित आयोजना सञ्चालनको लागि आवश्यक मर्मत र सम्भारका कार्यहरूमा यस ......वडा कार्यालयतर्फबाट पुर्ण सहयोग हुने जानकारी गराइन्छ ।

उ.समितिका पदाधिकारीको नामावली :-

१ अध्यक्ष _
२ उपाध्यक्ष _
३ कोषाध्यक्ष -
अध्यक्ष
४. सचिव _
५ सदस्यहरु _
६ ,, -
७ ,, -
८ ,, -

सिफारिस गर्ने पदाधिकारीको

सही :
नाम :
पदः- गाउँपालिका .....वडा अध्यक्ष

मिति :- २०...../...../.....

कार्यालयको छाप

मतिः......................

श्रीमान अध्यक्ष ज्यू
सरुमारानी गाउँपा लका वडा नं.......
प्यूठान ।

**विषयः– समिति तथा मुल दर्ता गन सफारिस पाऊँ ।**

प्रस्तुत विषयमा यस प्यूठान जिल्लाको ........................................ गाउँपालिका नं . .........( टोल/गाउँ) मा .....................................को सहयोगमा निमार्ण सम्पन्न भएको /हदै गरेको/हुने ........................................... खानेपानी तथा सरसफाइ आयोजनाको लागि **यस गाउँपा लकाको खानेपानी मुलदर्ता कार्य व ध २०८१** अनुसार उपभोक्ता समिति दर्ता गर्नको लागि समितिको विधान २ प्रति, पदाधिकारीहरूको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा अन्य आश्यक कागजातहरू यस पत्रसाथ संलग्न गरी समिति तथा मुल दर्ताको लागि **गाउँपा लका** जलश्रोत समिति, बड्डाडा, प्यूठानमा सिफारिस गरिदिनु हुन अनुरोध गर्दछु ।

**निवेदक**

सहि :– .......
समितिको अध्यक्षको नाम :– ................
समितिको नामः– ................
ठेगाना :–
**खानेपानी उपभोक्ता तथा सरसफाइ समिति**